अर्जुनचौपारी गाउँपालिकाको शिक्षक सरुवा सम्बन्धी कार्यविधि, २०८२

गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः२०८२/०५/२२

प्रस्तावनाः नेपालको संविधानको अनुसूची-८ ले व्यवस्था गरे बमोजिम स्थानीय तहको एकल अधिकार क्षेत्रभित्र पर्ने आधारभूत र माध्यमिक शिक्षा सम्बन्धी व्यवस्थालाई कार्यान्वयन गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ को दफा ११ (ज) को १ ले दिइएको कानुनी क्षेत्र अधिकारको प्रयोग गर्दै अर्जुनचौपारी गाउँकार्यपालिकाले यो कार्यविधी तथा शिक्षा ऐन, २०२८ (संशोधन सहित) तथा शिक्षा नियमावली, २०५९ का व्यवस्थालाई आत्मसाथ गर्दै अर्जुनचौपारी गाउँपालिकाको शिक्षा ऐनले दिइएको अधिकार प्रयोग गरी अर्जुनचौपारी गाउँपालिका क्षेत्रभित्रका सामुदायिक विद्यालयहरूमा स्वीकृत दरबन्दी, राहत अनुदान कोटा र इसिडी मा कार्यरत शिक्षक तथा कर्मचारीहरूको सरुवा प्रणालीलाई थप व्यवस्थित, पारदर्शी, वस्तुनिष्ठ, न्यायोचित र अनुमानयोग्य बनाई विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि गर्न वाञ्छनीय भएकाले, अर्जुनचौपारी गाउँपालिकाको कार्यपालिकाले यो शिक्षक सरुवा सम्बन्धी कार्यविधि, २०८२ जारी गरेको छ।

परिच्छेद १: प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (क) यस मापदण्डको नाम "अर्जुनचौपारी गाउँपालिकाको शिक्षक सरुवा सम्बन्धी कार्यविधि, २०८२" रहनेछ।

(ख) यो मापदण्ड गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः**

(क) **"गाउँपालिका"** भन्नाले अर्जुनचौपारी गाउँपालिका सम्झनु पर्दछ।

(ख) **"विद्यालय"** भन्नाले गाउँपालिका क्षेत्रभित्र सञ्चालित सामुदायिक विद्यालय (आधारभूत र माध्यमिक) सम्झनु पर्दछ।

(ग) **"शिक्षक"** भन्नाले विद्यालयमा स्वीकृत दरबन्दी वा राहत अनुदान कोटामा कार्यरत स्थायी, करार वा राहत शिक्षक सम्झनु पर्दछ।

(घ) **"समिति"** भन्नाले परिच्छेद ४ बमोजिमको शिक्षक सरुवा परामर्श समिति वा गाउँपालिकाको शिक्षा समितिलाई सम्झनु पर्दछ।

Scanned with OKEN Scanner

परिच्छेद २: भौगोलिक वर्गीकरण र सरुवाको चक्र

३.गाउँपालिकाभित्रका सबै विद्यालयहरूमा शिक्षण स्तर समान बनाउन र दुर्गमका विद्यालयमा शिक्षक अभाव हुन नदिन भौगोलिक क्षेत्रलाई निम्न ३ भागमा वर्गीकरण गरिनेछ ।

क्षेत्र वर्ग	भौगोलिक स्थिति/ विवरण	न्यूनतम सेवा अवधि
'क' वर्ग (अति सुगम)	गाउँपालिका केन्द्र, मुख्य बजार क्षेत्र वा सडक सञ्जाल र यातायातको सहज पहुँच भएका विद्यालय।	यस क्षेत्रमा लगातार ३ वर्ष सेवा गरेपछि अनिवार्य सरुवाको सूचीमा परिनेछ।
'ख' वर्ग(मध्यम/सुगम)	सडक पहुँच भएको तर गाउँपालिका केन्द्रबाट टाढा वा मौसमी यातायात चल्ने क्षेत्रका विद्यालय।	यस क्षेत्रमा कम्तीमा २ वर्ष सेवा गर्नुपर्नेछ।
'ग' वर्ग (दुर्गम/विकट)	भौगोलिक रूपमा विकट, पैदल हिँड्नुपर्ने, वा आधारभूत सुविधाहरू कम भएका विद्यालयहरू।	यस क्षेत्रमा कम्तीमा १ वर्ष अनिवार्य सेवा गरेपछि सुगममा सरुवा हुन प्राथमिकता पाइनेछ।

सरुवाको नियम: 'क' वर्ग (अति सुगम) मा ३ वर्ष अवधि पूरा गरेका शिक्षकहरूलाई प्राथमिकताका आधारमा 'ख' वा 'ग' वर्गका विद्यालयमा सरुवा गरिनेछ। 'ग' वर्गमा सफलतापूर्वक १ वर्ष सेवा पूरा गरेका शिक्षकलाई उनको प्राथमिकता अनुसार 'क' वर्गको विद्यालयमा रिक्त दरबन्दीमा आउने पहिलो अधिकार हुनेछ।

भौगोलिक स्थिति र विवरण सम्बन्धी विद्यालयहरु छुट्याउने वा निर्धारण गर्ने कार्य शिक्षा समिति वा कार्यपालिकाले गर्नेछ ।

परिच्छेद ३: विशेष प्राथमिकता र समावेशी मापदण्ड

सरुवा प्रक्रियालाई मानवीय, व्यावहारिक र न्यायसंगत बनाउन देहायका ४ वटा विशेष अवस्थालाई उच्च प्राथमिकता दिइनेछः

४. अपाङ्गता र शारीरिक अवस्थाको आधार

- **पूर्ण वा अति अशक्त अपाङ्गता (रातो र नीलो कार्ड भएका):** यस्ता शिक्षकहरूलाई उनीहरूको इच्छा विपरीत 'ग' वा 'ख' वर्ग (भौगोलिक रूपमा कठिन) विद्यालयमा सरुवा गरिने छैन।
- **भौतिक पहुँच (Accessibility):** अपाङ्गता भएका शिक्षकहरूलाई ह्वीलचेयर वा बैशाखीमैत्री भौतिक संरचना भएका र घरबाट न्यूनतम दुरीमा रहेका वा घरपायक विद्यालयहरूमा **पहिलो प्राथमिकता (First Priority)** दिई सरुवा गरिनेछ।

Scanned with OKEN Scanner

५. स्वास्थ्य समस्या (Medical Grounds)

- क्यान्सर, मिर्गौला प्रत्यारोपण वा नियमित डायलाइसिस गर्नुपर्ने, मुटुको खुल्ला शल्यक्रिया (Open Heart Surgery) गरेका, गम्भीर पक्षघात (Paralysis), वा नियमित रूपमा अस्पताल धाउनुपर्ने कडा रोग तथा अन्य स्वास्थ्य समस्या लागेका शिक्षकहरूलाई सरुवामा विशेष प्राथमिकता दिइनेछ।
- **सर्त:** यसका लागि नेपाल सरकारको स्वीकृत मेडिकल बोर्ड वा सरकारी अस्पतालको विशेषज्ञ चिकित्सकको प्रमाणिकरण वा स्वास्थ्यमा समस्या भएको खुल्ने प्रमाण अनिवार्य हुनुपर्नेछ। यस्ता शिक्षकलाई उपचार गराउन सहज हुने सडक वा अस्पतालको नजिक वा घर पायक पर्ने विद्यालयमा सरुवा गरिनेछ।

६. समावेशिता, महिला र पारिवारिक अवस्था

- **गर्भवती र स्तनपान गराउने महिला:** ६ महिनाभन्दा बढीको गर्भवती वा २ वर्षमुनिको शिशु (बच्चा) भएका महिला शिक्षकहरूलाई उनीहरूको माग बमोजिम घरपायक वा पायक पर्ने विद्यालयमा सरुवा गर्न सकिनेछ।
- **एकल महिला वा असाहाय:** घर व्यवहार सम्हाल्नुपर्ने एकल महिला शिक्षकहरूलाई पायक पर्ने विद्यालय छनोटको अवसर प्राथमिकता दिइनेछ। निरन्तर लामो समय सम्म भौगोलिक रुपमा कठिन अपायक पर्ने ठाउँमा पठाएका शिक्षकले स्वास्थ्य समस्या देखाई निवेदन दिएमा उनिहरुलाई प्राथामिकता दिईनेछ।
- यसका लागि पालिकाको शिक्षा समितिमा निवेदन दिनुपर्नेछ।
- दरबन्दी रिक्त भएको ठाउँमा पनि माथिको अवस्था विद्यमान भएमा सरुवा गर्न सकिनेछ।
- **श्रीमान्-श्रीमती (दम्पती) व्यवस्थापन:** श्रीमान् र श्रीमती दुवै गाउँपालिकाभित्र सरकारी वा शिक्षण सेवामा कार्यरत भएमा, सम्भव भएसम्म उनीहरूलाई एउटै विद्यालय वा कार्यालय एकआपसमा आधा घण्टाभन्दा बढीको दुरी नपर्ने विद्यालयमा सरुवा गर्न सकिनेछ। यसरी सरुवा गर्दा विषयगत शिक्षकलाई बाधा नपर्ने किसिमले गरिनेछ।

परिच्छेद ४: सरुवाको कार्यविधि र प्रक्रिया

७. समयतालिका :

(क) शैक्षिक सत्रको बीचमा सरुवा गर्दा विद्यार्थीको पढाइमा प्रत्यक्ष असर पर्ने भएकाले सरुवाको प्रक्रिया वर्षको **एक पटक** मात्र देहायको समयतालिका भित्र गरिनेछ:

१. **चैत १५ देखि ३० गतेसम्म:** गाउँपालिकाले पालिकाभित्र रिक्त रहेका वा आगामी सत्रमा रिक्त हुने दरबन्दीको विवरण (विषय, तह र विद्यालय खुलाएर) सार्वजनिक गर्ने।

२. **वैशाख १ देखि १५ गतेसम्म:** सरुवा हुन चाहने शिक्षकहरूले तोकिएको ढाँचामा आवश्यक कागजात (अपाङ्गता कार्ड, मेडिकल रिपोर्ट, वि.व्य.स. को सहमति आदि) सहित आवेदन दिने।

Scanned with OKEN Scanner

३. **वैशाख २० गतेभित्र:** गाउँपालिकाको शिक्षा शाखाले प्राप्त आवेदनहरूको मूल्याङ्कन गरी निर्णय गर्ने।

४. **वैशाख २५ गतेभित्र:** नयाँ शैक्षिक सत्र सुरु हुनु अगावै शिक्षकले नयाँ विद्यालयमा हाजिर भइसक्नुपर्ने।

५. गाउँपालिकामा रहेका सामुदायिक विद्यालयहरुको दरबन्दी मिलानको समयमा जुनसुकै विद्यालयका शिक्षकहरुको सरुवा गर्न सकिनेछ ।

६. माध्यमिक तह र आधारभूत तहका दरबन्दी रहेका विद्यालयहरुमा पठनपाठनमा समस्या भएमा माध्यमिक विद्यालय बाट आधाभूत विद्यालयमा र आधारभूत विद्यालयबाट माध्यमिक विद्यालयमा यस मापदण्ड बमोजिम सेवा अवधि नपुगी पनि सरुवा गर्न समयतालिकाले रोक्ने छैन ।

७. एउटै विद्यालयमा निरन्तर लामो वर्ष सेवा गरेका(कम्तिमा ५ वर्ष) शिक्षकरुले सरुवा निवेदन पेश गरेको खण्डमा शिक्षा समितिले त्यस विषयमा अध्ययन गरि सरुवा गर्न समयतालिकाले रोक्ने छैन ।

८. समयतालिका समितिले संशोधन तथा परिमार्जन गर्न सक्नेछ ।

(ख) विद्यालयमा कार्यरत शिक्षकहरुले क, ख र ग वर्ग सरुवा निवेदन दिएको खण्डमा गाउँ शिक्षा समितिले क वर्गमा लामो समयसम्म अध्यापन गराएका शिक्षकलाई ख वर्ग र ग वर्गमा सरुवा गर्न सक्नेछ।

(ग) अन्यत्र जुनसुकै कुरा लेखिएता पनि सरुवा हुन चाहने शिक्षकले दुवै विद्यालयको विचमा सहमती भएको खण्डमा सरुवा गर्नका लागि समय तालिकाले रोक्ने छैन्।

८. सरुवा सिफारिस समिति:

सरुवालाई निष्पक्ष बनाउन गाउँपालिकामा गठित दरवन्दी मिलान, तह घटुवा तथा शिक्षक समायोजन समितले विद्यालयको अनुंगमन गरी शिक्षक सरुवा सम्बन्धी प्रतिवेदन शिक्षा समितिमा पेश गर्नुपर्नेछ र शिक्षा समितिले पेश भएको प्रतिवेदनको आधारलाइ समेत मध्यनजर गरी शिक्षक सरुवा सम्बन्धी निर्णय गर्नेछ।

परिच्छेद ५: विविध तथा प्रतिबन्धात्मक व्यवस्थाहरू

९.न्यूनतम सेवा अवधि: नयाँ नियुक्त भएका शिक्षकहरूले अनिवार्य रूपमा उक्त विद्यालयमा कम्तीमा २ वर्ष सेवा अवधि पूरा नगरेसम्म सरुवाको आवेदन दिन पाउने छैनन् (तर असाधारण स्वास्थ्य संकट र पूर्ण अपाङ्गताको हकमा यो व्यवस्था लागु हुने छैन)।

१०.सहमति : क) सरुवा भई जाने विद्यालय र आउने विद्यालय दुवैको विद्यालय व्यवस्थापन समिति (वि.व्य.स.) को निर्णय वा सहमति पत्र आवेदन साथ पेस गर्नु पर्नेछ। (दरबन्दी मिलानको हकमा गाउँपालिकाले सिधै निर्णय गर्न सक्नेछ)।

Scanned with OKEN Scanner

(ख) विशेष परिस्थितिको व्यवस्थाः दरवन्दी मिलान, तह घटुवा तथा विद्यालय समायोजन लगायतको विशेष परिस्थितिमा सबै विद्यालयको शिक्षकको आवश्यकता विषयगत शिक्षकको पर्यासतालाई मध्यनजर गरी गाउँ शिक्षा समितिको निर्णय बमोजिम जुनसुकै विद्यालयका शिक्षकलाई सरुवा गर्न यस कार्यविधि बमोजिम बाधा पुग्ने छैन।

(ग) विवाद समाधानः शिक्षकको चक्रिय रुपमा गरिने सरुवा, दरबन्दी मिलान, तह घटुवा तथा विद्यालय समायोजनको क्रममा विद्यालयको आवश्यकतालाई मध्यनजर गरी गरिएको सरुवा उपर कोही कसैले गुनासो वा विवाद रहेको खण्डमा यस्तो निर्णय भएको ७ दिन भित्र शिक्षा समिति भित्र निवेदन पेश गर्नुपर्नेछ। सो विवाद समाधान, गुनासो सम्बोधनको सर्वाधिकार गाउँ शिक्षा समितिमा निहित रहनेछ।

११.राजनैतिक वा बाह्य दबाबः सरुवाको लागि कुनै पनि प्रकारको राजनैतिक वा बाह्य दबाब आएको खण्डमा त्यस्ता शिक्षकको आवेदनलाई स्वतः रद्द गर्न सकिनेछ।

१२.अधिकारः यो मापदण्डमा उल्लेख नभएका विशेष वा जटिल परिस्थिति उत्पन्न भएमा अन्तिम निर्णय गर्ने अधिकार गाउँशिक्षा समितिमा निहित रहनेछ।

१३.आचरणः विद्यालयमा अध्यापन गराइरहेका शिक्षकले आफ्नो आचरण विपरित कार्य गरेमा,अभिभावकहरुको/विद्यार्थीहरुको गम्भिर प्रकारका गुनासा आएमा वा वि.व्य.स.ले विद्यालयमा अनियमितता गरेको भनि निर्णय गरि पठाएमा शिक्षा समितिले त्यस्तो शिक्षक/कर्मचारीलाइ जुनसुकै समयमा त्यस विद्यालयबाट अन्यत्र सरुवा गर्न सक्नेछ ।

१४.बचाउ, खारेजी तथा संशोधन-यस कार्यविधिको बचाउ खारेजि तथा आश्यकता अनुसार संशोधन कार्यपालिकाले गर्नेछ ।

Prakash

अनुसुची १

विद्यालयको वर्गिकरण

वर्ग	विद्यालयको नाम	भौगोलिक स्थिति/विवरण
'क' वर्ग (अति/सुगम)	• श्री पञ्चकन्या मा.वि. • श्री कृष्ण आ.वि. • श्री चण्डीडाँडा आ.वि. • श्री गणेश आ. वि. • श्री जन मा.वि. • श्री रानीचरी आ.वि. • श्री जनप्रिय आ.वि • श्री गाउँफर्क जनहित आ.वि. • श्री भवानी आ.वि.	गाउँपालिकाको केन्द्र मुख्य बजार क्षेत्र वा सडक सञ्जाल र यतायातको सहज पहुँच भएका विद्यालयहरु।
'ख' वर्ग (मध्यम/ सुगम)	• श्री आदर्श आ.वि. • श्री अमरज्योती आ.वि. • श्री सर्वोदय मा.वि. • श्री दरौं मा. वि. • श्री बुद्ध आ.वि. • श्री दिपज्योती आ. वि. • श्री कालिका आ.वि. • श्री वयाले आ.वि. • श्री पिपलडाँडा आ वि • श्री नवदुर्गा आ वि	सडक पहुँच भएको तर गाउँपालिका केन्द्रबाट टाढा वा मौसमी यातायात चल्ने क्षेत्रका विद्यालयहरु।
'ग' वर्ग (दुर्गम/ विकट)	• श्री घण्टे मा.वि. • श्री सूर्योदय आ. वि • श्री देविस्थान आ.वि. • श्री राष्ट्रिय आ.वि. • श्री लक्ष्मी आ. वि. • श्री सिद्ध आ.वि. • श्री सहिद आ. वि. • श्री सरस्वती आ.वि. • श्री जनविकास आ.वि. • श्री लाकुरी आ.वि.	भौगोलिक रूपमा विकट, पैदल हिँड्नुपर्ने वा आधारभूत सुविधाहरू कम भएका विद्यालयहरू।

Pravash